# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ०६ | बुटवल | २०८२ पौष १६ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday December 31, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## नयाँ दल मिल्दैमा फरक पर्दैन : ओली



बुटवल । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले वैकल्पिक भनिएका रास्वपा, उज्यालो नेपाल लगायतका पार्टीको एकताले एमालेलाई फरक नपर्ने दाबी गरेका छन् ।

नयाँ भनिएका दलको एकता घैंटामा बोकेको पानीले महासागरसँग प्रतिस्पर्धा गरेजस्तो हुने उनको भनाइ थियो ।

मदन-आश्रिम स्मृति प्रतिष्ठानले मंगलबार काठमाडौंमा आयोजना गरेको कार्यक्रममा ओलीले बलियासँग प्रतिस्पर्धा गर्न दुब्लाले गरेको एकताले कांग्रेस-एमालेलाई फरक नपर्ने बताएका हुन् ।

'विशाल एमाले देखेपछि तिमी र म मिलौं भनेका छन्, कुखुराले मोर्चा गरेर, बाख्राले मोर्चा गरेर, स्यालले मोर्चा गरेर बाघ र सिंहको सिकार हुन्छ ?', ओलीले भने-'बलियासँग लड्न दुब्लाले एकता गर्ने हो, रातिसम्म अर्को एकता हुन्छ । अस्ति पनि भयो, हिजो पनि भयो, आज पनि एकता भयो ।'

ओलीले लोकप्रियतावादीको सामना गर्न महाधिवेशनपछि एमाले तयार भएको दाबी समेत गरे । '२-४ जना मिलेर घैंटामा बोकेका पानीले महासागरसँग प्रतिस्पर्धा कसरी होला ? त्यही तयारी नेकपा एमालेको महाधिवेशनले गरेको छ ।'-ओलीले भने ।

महाधिवेशनजस्तै चुनावमार्फत् को लोकप्रिय छ भन्ने फैसला गर्ने ओलीले बताए ।

'देशमा को लोकप्रिय भन्ने प्रतिस्पर्धा छ, प्रधानमन्त्री बनाइसके मान्छेले । हामी चुनाव पर्खिरहेका छौं, कहिले होला फागुन २१, बैशाख या अर्को मंसिरमा होला ।

हामी चुनाव पर्खिरहेका छौं,' ओलीले भने-'जस्तो महाधिवेशनबाट धेरै कुराको जवाफ दिएका छौं, निर्वाचनबाट नै राष्ट्रिय फैसला दिनेछौं, त्यसका लागि हामी तयार छौं भन्ने कुराको सन्देश पनि महाधिवेशनले दिएको छ ।'

### १७ वर्षीय इशानको मृत्यु प्रकरण :

# प्रहरी अनुसन्धान प्रतिवेदन 'अपत्यारिलो' भन्दै परिवार र स्थानीय निरन्तर आन्दोलित

**प्रहरीले गाडीको ठक्करबाट मृत्यु भएको प्रारम्भिक अनुसन्धान रिपोर्ट बताएपछि मृतकका परिवार र सिंगो गाउँ दुर्घटना नभई योजनाबद्ध हत्या भन्दै दुई सातादेखि प्रहरी- प्रशासन कार्यालय घेराउ गर्दै निरन्तर आन्दोलित छन् ।**





**जगिलाल थापा**

*बुटवल*

रूपन्देहीको कञ्चन गाउँपालिकाका १७ वर्षीय ईशान शर्माको शंकास्पद मृत्युको १४ दिनसम्म शव उठ्न सकेको छैन । कञ्चन गाउँपालिका वडा नं. ३ धौलागिरीचोक घर भएका इशानको शव पुस ३ गतेदेखि लुम्बिनी प्रादेशिक अस्पतालमा छ ।

ईशान स्थानीय बुद्धदीप बोर्डिङ् स्कूलमा कक्षा ११ मा अध्ययनरत थिए । उनी तेक्वान्दो खेलाडी र प्रशिक्षक समेत थिए । पुस २ गते ईशान पढाइ सकेर स्कूलबाट घर आएर पुनः तेक्वान्दो सिकाउन विद्यालय पुगेका र फर्केर जिम हाउस गएका थिए । तर साँझ घर फर्केका थिएनन् । अर्को दिन ईशानको शव आफ्नै घरबाट डेढसय मिटर उत्तरमा सडक किनारको नाली मुनि पुस ३ गते भेटिएको थियो । प्रहरीले गाडीको ठक्करबाट पुस २ गते साँझ ईशानको मृत्यु भएको र ३ गते शव फेला परेको प्रारम्भिक अनुसन्धान रिपोर्ट परिवारजनलाई बताएपछि परिवार र स्थानीयले त्यसलाई अस्वीकार गर्दै योजनावद्ध हत्या भएको दाबी गरेका छन् ।

मृतक ईशानको परिवारले मंगलबार घरमै पत्रकार सम्मेलन गरी गाडीको ठक्करबाट मृत्यु भएको भन्ने प्रहरीको भनाइ पत्यारलाग्दो नभएको तर्क गरेका छन् । मृतकको बुबा अर्जुन शर्माले प्रहरीले घटनाका वास्तविक दोषीलाई उम्काउन नक्कली (डमी) घटना देखाउन गाडीको ठक्करबाट इशानको मृत्यु भएको प्रारम्भिक अनुसन्धान प्रतिवेदन जानकारी गराएको बताए । प्रहरीले 'इशानको शब ढक्कन भएको नाली मुन्तिर लुकाइएको अवस्थामा भेटिनु, ठक्कर दिएको भए गाडीको ब्रेक लागेर टायर घिस्रिएको र रगतको कुनै दाग सडकमा हुनुपर्नेमा त्यो नभएको र गाडी चालकले बयानमा ईशानलाई ठक्कर दिएको बयान नदिएको हुँदा यो दुर्घटना हुँदै होइन, हत्या हो,' शर्माले भने-'ढक्कन भएको नालीमुनि खुट्टा पसारेर सुतेको अवस्थामा डेथबोडी (शव) कसरी पुग्न र रहन सक्छ ? यसबाटै यो दुर्घटना हो भन्ने पत्याउन सकिन्न ।' शर्माले छोराको अन्यत्र हत्या गरेर शवलाई घर नजिकै नालीमुनि ल्याएर राखिदिएको दाबी गरे ।

यदि आफ्नो गाडीको ठक्करबाट मृत्यु भएको भए चालकमा सहानुभूतिको भाव हुनुपर्नेमा पटक्कै नभएको बरु हांसेर कुरा गर्ने गरेकाले पनि नक्कली दोषी खडा गरिएको आशंकालाई बल पुगेको शर्माको तर्क छ ।

'यो घटनामा वास्तविक दोषी उम्काउन हाई प्रोफाइलकै संलग्नताको आशंका छ, कतै निर्मला पन्तको हत्या जस्तै दोषी पत्ता नलाग्ने हुन् कि भन्ने डर छ,' उनले भने-'वास्तविक दोषी उम्किने हो भने सिंगो गाउँ असुरक्षित हुन्छ, भविष्यमा पनि यस्ता घटना दोहोरिन्छन् ।'

ईशानकी आमा रमा शर्माले आफ्नो परिवारको सहारा गुमेको, तर गाडीको ठक्करबाट मृत्यु भएको विश्वास नलाग्दा शव बुझ्न अस्वीकार गरेको बताइन् । १४औं दिनसम्म घटनाको विश्वसनीय कारण पत्ता नलाग्दा दुई सातासम्म निदाउन नसकेको गुनासो गर्दै निष्पक्ष छानबिन गरी न्याय दिन सरकारसँग माग गरिन् ।

मृतकका ठूलो बुबा पुष्पराज शर्माले प्रहरीको अनसन्धानमा चित्त नबुझेको तर्क गर्दै प्रभावकारी अनुसन्धान गर्न मुख्यमन्त्री चेतनारायण आचार्यलाई भेटेर ध्यानाकर्षण गराइएको बताए ।

ईशानले सानै उमेरमा तेक्वान्दोमा राम्रो प्रगति गरेको र केही समयअघि उनी पढ्ने स्कूलको गेट बाहिर साथीसंग विवाद र धक्कामुक्का भएको र उसले मार्ने धम्की समेत दिएकाले घटनाको बहुआयामिक कोणबाट अनुसन्धान गर्न परिवारले माग गरेको छ ।

घटनाको सत्य तथ्य अनुसन्धान गरी वास्तविक दोषी पत्ता लगाउन दबाब दिन उनीहरूले पटक पटक इलाका प्रहरी कार्यालय रुद्रपुर र सल्लझण्डी हुँदै जिल्ला प्रहरी कार्यलय रुपन्देहीमा पुगेर धर्नासहित नाराबाजी गरेका छन् ।

इलाका प्रहरी कार्यालय बुटवलमा कञ्चन गाउँपालिकाका जनप्रतिनिधि र मृतकका आफन्तको उपस्थितिमा ईशानको मृत्यु कुनै व्यक्तिबाट हत्या भएको नभई लु २ ख ४९४८ नम्बरको फोर्स गाडीले ठक्कर दिई मृत्यु भएको प्रारम्भिक प्रतिवेदन प्रहरीले सार्वजनिक गरेको थियो ।

» *बाँकी ३ पेजमा*

# ६४ दलले दिए समानुपातिकमा उम्मेदवारी



बुटवल । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि ६४ वटा दल समानुपातिक सूचीमा सहभागी भएका छन् । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार ५४ वटा दल आआफ्नो चुनाव चिह्नमा र १० वटा दल ४ वटा चुनाव चिह्नमा चुनाव लड्दैछन् । यसरी समानुपातिकतर्फको मतपत्रमा जम्मा निर्वाचन चिह्न ५८ वटा रहने छन् । निर्वाचनका लागि आइतबार र सोमबार समानुपातिकको बन्दसूची बुझाउनुपर्ने समय थियो । त्यसअनुसार ६४ वटा दलले समानुपातिकमा उम्मेदवारी दिएका हुन् । २७५ सदस्यीय प्रतिनिधिसभामा ११० जना समानुपातिकतर्फ निर्वाचित हुन्छन् भने १६५ जना प्रत्यक्ष निर्वाचित हुन्छन् । समानुपातिकतर्फको उम्मेदवारी दर्ता गर्ने दलहरूमध्ये १८ वटाले आ-आफ्नै चुनाव चिह्नमा चुनाव लड्ने गरी ११० सिटमै उम्मेदवारी दिएका छन् । ८ वटा दलले फरकफरक तीन वटा चुनाव चिह्नमा संयुक्त रूपमा ११० सिटमै उम्मेदवारी दिएका छन् ।

बाँकी ३८ वटा राजनीतिक दलले भने कम सिटमा उम्मेदवारी दिएका छन् । दलहरूले कम्तीमा ११ र बढीमा ११० उम्मेदवारसहितको बन्दसूची पेस गर्न सक्थे । अधिकतमभन्दा कम पदमा उम्मेदवारी दिने दलको संख्या अधिक छ । समानुपातिक सूचीमा ७ वटा क्लस्टर छन् । आदिवासी जनजाति, खस आर्य, थारु, दलित, मधेशी मुस्लिम र पिछडिएको क्षेत्रबाट उम्मेदवार चयन गर्दा कम्तीमा आधा अर्थात् ५० प्रतिशत महिला उम्मेदवार चयन गर्नुपर्छ । आदिवासी जनजातिमा २८.७२ प्रतिशत उम्मेदवार चयन गर्नुपर्नेछ । खस आर्यमा ३०.२८ प्रतिशत, थारुमा ६.५२, दलितमा १३.४४ प्रतिशत उम्मेदवार छान्नुपर्छ । मधेशीमा १६.१५, मुस्लिममा ४.८९ र पिछडिएको क्षेत्रबाट कम्तीमा ४.०२ प्रतिशत उम्मेदवार छान्नुपर्ने हुन्छ ।

यसअनुसार दलहरूले कम्तीमा ११ र बढीमा ११० उम्मेदवार तय गर्नुपर्ने थियो । यसअनुसार अधिकतम सिटमा आ-आफ्नै चुनाव चिह्नमा चुनाव लड्ने गरी उम्मेदवारी दिनेको संख्या १८ छ ।

जसमा नेकपा एमाले, नेपाली कांग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी छन् ।

जनमत पार्टी, श्रम संस्कृति पार्टी, नेपाल कम्युनिस्ट पार्टी माओवादी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, मंगोल नेसनल अर्गनाइजेसन, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (मार्क्सवादी-लेलिनवादी)ले पनि पूरै ११० सिटमै उम्मेदवारी दिएका छन् ।

पूरै सिटमा उम्मेदवारी दिने दलहरूमा संसदीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, नेपाल सद्भावना पार्टी, मितेरी पार्टी नेपाल, नेपाली जनता दल र नेपाल कम्युनस्ट पार्टी (संयुक्त) पनि छन् । एकल चुनाव चिह्नमा चुनाव लड्ने दलहरू पनि छन् ।

बाँकी ८ वटा दलले भने तीन फरक चुनाव चिह्नमा संयुक्त उम्मेदवारी दिएका हुन् ।

मोबाइल एकल चिह्नमा आम जनता पार्टी र जनादेश पार्टीले संयुक्त नामावली बुझाएका छन् ।

एकल चिह्न बसमा तीन वटा पार्टीले संयुक्त चुनाव लड्दै छन् । ती हुन्- नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल र नेपाल जनजागृति पार्टी । जाँतो (चकिया) एकल चिह्नमा राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीले चुनाव लड्दै छन् ।

समानुपातिकतर्फको ११० सिटका लागि भएको उम्मेदवारी दर्ताका लागि कम्तीमा ११ जनाको नामावली दिनैपर्ने बाध्यताअनुसार ११ जनाको मात्रै नाम दिने दलको संख्या ६ वटा छ । ती हुन् - गतिशील लोकतान्त्रिक पार्टी, नेपाल जनमुक्ति पार्टी, स्वाभिमान पार्टी, जनअधिकार पार्टी, नेपाली कांग्रेस (बीपी) र नेपाली जनश्रमदान संस्कृति पार्टी ।

कम सिटमा उम्मेदवारी दिएको र निर्वाचनमा बढी सिट प्राप्त हुनेगरी मत आएको अवस्थामा के हुन्छ ? भन्ने प्रश्नमा निर्वाचन आयोग पछि नाम थप्न सकिने प्रावधान नरहेको बताउँछ ।

समानुपातिकतर्फ १२ सिटमा उम्मेदवारी दिने दलको संख्या ५ छ । ती दल जनप्रिय लोकतान्त्रिक पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, समावेशी समाजवादी पार्टी नेपाल, राष्ट्रिय जनमुक्ति पार्टी र राष्ट्रिय जनता पार्टी नेपाल हुन् ।

नेपाल जनता संरक्षण पार्टीले १७ र पिपुल फस्ट पार्टीले १८ जनाको नाम बुझाएका छन् ।

नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल), नेपाल मातृभूमि पार्टी र बहुजन शक्ति पार्टीले २०-२० जनाको नाम बुझाएको छ । उन्नत लोकतन्त्र पार्टीले २२, त्रिमूल नेपालले २३ जनाको नाम बुझाएको छ । २५ जनाको नाम बुझाउने दलमा नागरिक शक्ति नेपाल, जनता लोकतान्त्रिक पार्टी नेपाल र राष्ट्रिय गौरव पार्टी छन् ।

राष्ट्रिय मुक्ति आन्दोलन नेपालले २७, सार्वभौम नागरिक पार्टीले २८, नेसनल रिपब्लिक नेपालले २९, समावेशी समाजवादी पार्टीले ३१, समावेशी समाजवादी पार्टीले ३२, राष्ट्र निर्माण पार्टी नेपालले ३५, प्रजातान्त्रिक पार्टी नेपालले ४१, नेपालको लागि नेपाली पार्टीले ४३, राष्ट्रिय ऊर्जाशील पार्टी नेपालले ४६ र राष्ट्रिय परिवर्तन पार्टीले ४९ जनाको नाम बुझाएका छन् ।

५० जनाभन्दा माथि नाम बुझाउने दल चार वटा छन् । जय मातृभूमि पार्टीले ५५, नेपाल जनता पार्टीले ६०, संयुक्त नागरिक पार्टीले ६१ र जनता समाजवादी पार्टी नेपालले १०१ जनाको नाम बुझाएका छन् ।




## सम्पादकीय

# चुनावमा दलहरूको सहभागिता

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि दलहरुले सोमबार समानुपातिक सूची निर्वाचन आयोगमा बुझाएका छन् । समानुपातिक सूचीका लागि ६४ वटा दलसहभागी भएका छन् । निर्वाचनको माहौल बनाउन दलहरुको यो सहभागिता महत्वपूर्ण कडी हो ।

लोकतन्त्रमा आवधिक निर्वाचन अनिवार्य शर्त हो । निर्वाचनमा दलहरुको अधिकतम सहभागिताले नै प्रतिस्पर्धा र नागरिकको सहभागिता निर्धारण गर्छ । समानुपातिक सूचीको सहभागिता हेर्दा दलहरु चुनावका लागि तयार भएको सन्देश प्रवाह भएको छ । निर्वाचन आयोगका अनुसार, ५४ वटा दल आ-आफ्नो चुनाव चिह्नमा र १० वटा दल ४ वटा चुनाव चिह्नमा चुनाव लड्दैछन् । यसरी समानुपातिकतर्फको मतपत्रमा जम्मा निर्वाचन चिह्न ५८ वटा रहने छन् । २७५ सदस्यीय प्रतिनिधिसभामा ११० जना समानुपातिकतर्फ निर्वाचित हुने र १६५ जना प्रत्यक्ष निर्वाचित हुने संवैधानिक प्रावधान छ ।

जेनजी आन्दोलन र विध्वंशपछि उत्पन्न जटिल परिस्थितिका कारण आगामी चुनाव हुन लागेको हो । यो चुनावमा केही नयाँ दल पनि सहभागी छन् । चुनावको माहोल बन्न नसकिरहेका बेला समानुपातिक सूचीमा सहभागी हुन दलहरुको सक्रियताले उत्साह जागेको छ । यद्यपी सुरक्षा प्रबन्धलगायतका कामप्रति विश्वासिलो आधार तयार हुन सकेको छैन । प्रहरीलाई साधनस्रोत बनाउन ढिलाइ भइरहेको छ । प्रहरीको गिरेको मनोबल उकास्न सरकारले दरिलो आधार खडा गर्न सकेको छैन । फरारकैदी बन्दीलाई जेलमै ल्याउन र लुटिएका हतियार फिर्ताको काम तीब्र नबन्दा मनोवैज्ञानिक त्रास हट्न सकेको छैन । दलहरुको सहभागिता र उम्मेदवारहरुको सक्रियताले मात्रै चुनावी माहौल बन्ने होइन, नागरिकले स्वतन्त्रता पूर्वक मन लागेको दल र उम्मेदवारलाई मत दिने वातावरण तयार गर्नुपर्छ । त्यो काम गर्न पर्याप्त मिहिनेत गर्नुपर्नेछ ।

प्रधानमन्त्री सुशीला कार्कीले शीर्ष नेताहरुप्रति गरेको टिकाटिप्पणीले बिगारेको वातावरण विस्तारै सकारात्मक बाटोतिर लम्केको छ । राष्ट्रपति रामचन्द्र पौडेलले शीर्ष नेता र प्रधानमन्त्रीलाई सँगै राखेर चुनाव नहुँदाका जोखिमबारे सम्झाएपछि सहकार्यको वातावरण बनेको छ । अझ वैकल्पिक शक्तिको नेतृत्व गर्नेहरु रवि लामिछानेको रास्वपा, बालेन्द्र साह र कुलमान घिसिङहरु एकजुट भएपछिको माहोलले पनि काम गरेको छ । चुनाव अनिवार्य शर्त हो, चुनाव नहुँदाका जोखिम बहुआयामिक छन् । तर चुनावका लागि संसद् विघटनविरुद्ध परेको रिटको छिनोफानो छिटो हुन सक्दा उत्तम हुन्छ ।

# आचारसंहिताको परिपालना



डा.अर्जुनकुमार खड्का

*राजनीतिक तहमा निर्वाचित पदाधिकारीले पनि नैतिक आचरणको पालन गर्नुपर्ने व्यवस्था प्रायः सबै देशले गरेको पाइन्छ । कतिपय देशमा संविधानमा नै यससम्बन्धी व्यवस्था गरिएको छ भने कतिपय देशमा नीतिगत र कानुनी रूपमा यस्तो व्यवस्था रहेको देखिन्छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको धारा ८ ले सार्वजनिक पद धारण गरेका पदाधिकारीले सदाचार, इमानदारिता र जिम्मेवारीलाई आफ्ना सार्वजनिक अधिकारीबिच प्रवर्धन गर्नुपर्ने कुरामा जोड दिइएको छ । यो महासन्धिको पक्ष राष्ट्र नेपाल पनि रहेको हुँदा यसका प्रावधानलाई नेपालले समेत पालन गर्नुपर्ने अवस्था रहन्छ । यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत आचरणका माध्यममार्फत् इमानदारिता र जिम्मेवारीलाई पूरा गर्नुपर्ने दायित्व सार्वजनिक पदका व्यक्तिले स्वतः रहन जाने देखिन्छ ।*



निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०८२ पुस १२ गते निर्वाचन आयोगले निर्वाचन आचारसंहिता, २०८२ लाई स्वीकृत गरेको छ । यस आचारसंहितामार्फत् निर्वाचनमा स्वतन्त्रता, स्वच्छता, निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख्ने मूल अभिप्राय रहेको पाइन्छ । वास्तवमा आचरण भन्नाले कुनै नियम, सिद्धान्त पालन गर्नुपर्ने व्यवहारको परिष्कृत र नैतिक रूप जसलाई शुद्ध आचरणमा रहने, नियममा रहने, सच्चरित्र, सदाचारी, चालचलन, बानी व्यहोरा, मानिसको चरित्रको परिष्कृत नैतिक नियम प्रतिपादित शास्त्र वा विद्या पनि भन्ने गरिन्छ । आचारसंहिताको अर्थ व्यवहारको शुद्धता र नैतिक विधि मान्न सकिन्छ । त्यस्तो विधि समाजका हरेक पक्षले पालना गर्नुपर्ने हुन्छ । यसैले आचरणलाई नीतिगत, कानुनी तथा व्यावहारिक पक्षमा जोड दिएको देखिन्छ ।

नेपालको संविधानको धारा ५ ले राष्ट्र हित प्रतिकूलको आचरण र कार्य सङ्घीय कानुनबमोजिम दण्डनीय हुने छ भन्ने व्यवस्था गरेको छ । यसैगरी धारा ९१ तथा धारा ९२ बमोजिम क्रमशः प्रतिनिधिसभाको सभामुख र उप-सभामुख तथा राष्ट्रियसभाको अध्यक्ष एवं उपाध्यक्षले पद अनुकूलको आचरण नगरेमा आवश्यक विधि र प्रक्रिया अनुरूप पदबाट हटाउन सकिने व्यवस्था गरेको पाइन्छ । धारा १०१ बमोजिम खराब आचरण भएको अवस्थामा संवैधानिक निकायका प्रमुख वा पदाधिकारी जस्तै लोकसेवा आयोगका अध्यक्ष तथा सदस्य, महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा निर्वाचन आयोगका प्रमुख आयुक्त एवं आयुक्तहरूलाई पदबाट महाभियोग लगाई हटाउन सक्ने व्यवस्था रहेको छ । यस्तै नेपालको प्रधान न्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्यायपरिषद्का सदस्यविरुद्ध प्रतिनिधि सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट प्रस्ताव पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने संवैधानिक व्यवस्था रहेको पाइन्छ । यसबाट यो स्पष्ट हुन्छ कि आचरण भन्ने विषय नैतिक कार्य भएता पनि नेपालमा संवैधानिक एवं कानुनी दायित्वका रूपमा लिएको अवस्था छ । उदाहरणका लागि निर्वाचन आचारसंहिता, २०८२ लाई कसैबाट पालना नभएको वा उल्लङ्घन भएको देखिएमा निर्वाचन आयोगले त्यस्तो कार्य नगर्न आदेश दिनेछ । आसन्न निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष, पारदर्शी, मितव्ययी र भयमुक्त वातावरणमा सम्पन्न गर्नका निम्ति आचारसंहिताको अहम् भूमिका रहने देखिन्छ ।

आचारसंहिताको पालना गर्नुपर्ने प्रावधानका सन्दर्भमा नीतिगत, कानुनी तथा व्यावहारिकस्तरमा जोड दिएको देखिन्छ । आसन्न निर्वाचनलाई मनन गरी निर्वाचन आयोगले आचारसंहिता स्वीकृत गरेको छ । यस आचारसंहितामा जम्मा परिच्छेद १०, दफा ५५ र अनुसूची ५ रहेका छन् । यसअघिको निर्वाचन आचारसंहिता, २०७९ खारेज गरिएको छ । यस आचारसंहिताको दफा ३ ले आचारसंहिता लागु हुने व्यक्ति, संस्था, निकाय तथा अधिकारीसमेत गरी २४ क्षेत्रमा विभाजन गरेको अवस्था छ । मुख्यतः सबैले पालना गर्नुपर्ने आचरण, पदाधिकारी, कर्मचारी तथा निकायले पालना गर्नुपर्ने आचरण, राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठनले पालना गर्नुपर्ने आचरण, मतदाता र मतदान तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण, पर्यवेक्षण संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण, सञ्चार, प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण, निर्वाचन आचारसंहिता अनुगमन समितिसम्बन्धी व्यवस्था र अन्तमा विविध आचारसंहितासम्बन्धी व्यवस्था गरी विभिन्न परिच्छेदमा आचारसंहितालाई विभाजन गरिएको छ ।

आचारसंहिताको परिच्छेद ९ ले हरित निर्वाचन (ग्रिन इलेक्सन) सम्बन्धी आचरणको नौलो प्रकृतिको व्यवस्थासमेत गरेको छ । यसमा विशेषतः हरित निर्वाचनसम्बन्धी आचरणको पालनामा जोड दिइएको पाइन्छ । हुन त आचारसंहिता भन्ने विषय अन्य सरकारी तथा न्यायिक क्षेत्रमा समेत कार्यान्वयनमा रहँदै आएको पाइन्छ । उदाहरणका लागि प्रभावकारी र उत्तरदायी न्याय व्यवस्थामार्फत् छिटोछरितो, स्वच्छ, निष्पक्ष तथा पारदर्शी रूपमा न्यायसम्पादन हुने कुराको व्यावहारिक प्रत्याभूति दिई स्वच्छ सुनुवाइ सुनिश्चित हुने न्यायिक प्रक्रियाद्वारा नागरिक हकको संरक्षण गर्न एवं न्याय पद्धतिप्रति जनआस्था र विश्वास अभिवृद्धि गर्न व्यक्तिगत तथा सामूहिक रूपमा समेत न्यायाधीशद्वारा न्यायिक पदलाई सार्वजनिक उत्तरदायित्वको पदका रूपमा सम्मान गर्ने परिपाटी विकास गर्दै न्यायाधीशको व्यक्तित्व एवं वैधानिक हितको समेत संरक्षण गर्ने मुख्य अभिप्राय राखेर न्यायाधीशहरूका लागि आचारसंहिताको व्यवस्था भएको पाइन्छ । यस आचारसंहितामा मुख्य गरेर न्यायाधीशको आचरण एवं व्यवहारका विषयमा आधारभूत सिद्धान्त तथा मानक निर्धारण गरी अन्तर्राष्ट्रियस्तरमा विकसित सिद्धान्त एवं मुलुकभित्र विद्यमान प्रचलन, व्यवहार, न्यायिक संस्कृतिका प्रबल पक्षलाई समेत प्रभावकारी तवरले कार्यान्वयन गर्ने अभिप्रायबाट २०६५ सालमा भएको न्यायाधीशको राष्ट्रिय सम्मेलनले न्यायाधीशको आचारसंहिता बनाई लागु गरेको अवस्था छ ।

नेपाल बार काउन्सिल ऐनको प्रावधानबमोजिम बार काउन्सिलले २०५१ सालमा कानुन व्यवसायीका लागि स्वच्छ, निष्पक्ष तथा पेसागत मर्यादालाई उच्च राख्ने अभिप्रायले आचारसंहिता बनाई लागु गरेको छ । निजामती सेवाका कर्मचारीको आचरणसम्बन्धी नियमावली, २०६५ ले निजामती कर्मचारीले आफ्नो पदीय जिम्मेवारीको पालना गर्दा सदैव राष्ट्र र जनताको बृहत्तर हितलाई ध्यानमा राखी प्रचलित कानुनको अधिनमा रहनुपर्ने, नेपाल राष्ट्र तथा सरकारप्रति बफादार रही आफ्नो सेवाको मर्यादा र गरिमामा आँच पुग्ने गरी कुनै पनि काम गर्न नहुने र हुन नदिन सदा सचेष्ट रहनुपर्ने उल्लेख छ ।

कम्पनी ऐन, २०६३ मा कम्पनी सचिवले तोकिएबमोजिमको आचरण पालन गर्नुपर्ने व्यवस्था गरिएको छ । लेखा परीक्षकले लेखा परीक्षकको आचरणविपरीत काम गर्न नहुने उल्लेख गरिएको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले खराब आचरण गरेमा त्यस्ता ज्येष्ठ नागरिकको सजायमा कमी हुन नसक्ने कुरा उल्लेख गरिएको अवस्था छ । यहाँसम्म कि पर्यटन ऐन, २०३५ ले पर्वतारोहणको अवधिमा कुनै प्रकारको अनैतिक आचरण गर्न नहुने कुरामा जोड दिएको अवस्था छ ।

यसैगरी राजनीतिक तहमा निर्वाचित पदाधिकारीले पनि नैतिक आचरणको पालन गर्नुपर्ने व्यवस्था प्रायः सबै देशले गरेको पाइन्छ । कतिपय देशमा संविधानमा नै यससम्बन्धी व्यवस्था गरिएको छ भने कतिपय देशमा नीतिगत र कानुनी रूपमा यस्तो व्यवस्था रहेको देखिन्छ । भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको धारा ८ ले सार्वजनिक पद धारण गरेका पदाधिकारीले सदाचार, इमानदारिता र जिम्मेवारीलाई आफ्ना सार्वजनिक अधिकारीबिच प्रवर्धन गर्नुपर्ने कुरामा जोड दिइएको छ । यो महासन्धिको पक्ष राष्ट्र नेपाल पनि रहेको हुँदा यसका प्रावधानलाई नेपालले समेत पालन गर्नुपर्ने अवस्था रहन्छ । यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा समेत आचरणका माध्यममार्फत् इमानदारिता र जिम्मेवारीलाई पूरा गर्नुपर्ने दायित्व सार्वजनिक पदका व्यक्तिले स्वतः रहन जाने देखिन्छ ।

मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणाको धारा २१, राजनीतिक, आर्थिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २५ मा आफूले छानेको प्रतिनिधिमार्फत् शासनमा सहभागी हुन पाउने अधिकार र गोप्य मतदानको अधिकार रहेको तथा नेपालको संविधान अनुरूप प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार, आवधिक निर्वाचनसमेतका मूल्यमान्यतामा प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने मूल ध्येयलाई निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी भएमा यसले सकारात्मक प्रभाव पार्न सक्ने कार्यका लागि निर्वाचन आयोगको महत्वूर्ण भूमिका रहन्छ ।

व्यावहारिक रूपमा उल्लेख गर्न खोजिएको कुरा के हो भनी निर्वाचन आचारसंहिता नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार, संवैधानिक निकाय, सुरक्षा निकाय, पर्यवेक्षक, उम्मेदवार, मतदाता सञ्चारकर्मी, कर्मचारी, शिक्षक, विकास साझेदार संस्थालगायत समाजका अठार वर्ष पुगेका व्यक्तिलाई लागु हुने भएकाले नै यसलाई सबैले पालना गर्नुपर्ने आचरण भन्न खोजिएको अवस्था हो । यो आचारसंहिता कुनै वर्ग वा क्षेत्रका पेसाकर्मी, कर्मचारी, राजनीतिक दल वा अन्यलाई मात्र एकपक्षीय रूपमा लागु नभई सबैलाई लागु हुने भएको हुँदा आचारसंहितामध्येको निर्वाचन आचारसंहिता सर्वसम्पन्न एवं विशिष्ट प्रकृतिको आचारसंहिताका रूपमा लिइने गरिन्छ । यसका माध्यमबाट नेपालको संविधानको धारा २४६ अनुरूप निर्वाचन आयोगलाई निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने अधिकारमा सहजता प्रदान भई निर्वाचन स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयरहित सञ्चालन हुने छ ।

गोपबाट

# विद्यालय स्वास्थ्य नर्सको भूमिका, योगदान र पेशागत पहिचान



विमला हायू

विद्यालय स्वास्थ्य नर्स विद्यालय समुदायको अभिन्न अङ्ग हो । विद्यार्थीहरूको शारीरिक, मानसिक तथा सामाजिक स्वास्थ्य प्रवर्धन गर्दै सुरक्षित, स्वस्थ र सिकाइमैत्री वातावरण सिर्जना गर्नु विद्यालय स्वास्थ्य नर्सको प्रमुख जिम्मेवारी हो । यही जिम्मेवारीबोधका साथ म विगत करिब पाँच वर्षदेखि विद्यालय स्वास्थ्य नर्सको रूपमा निरन्तर रूपमा कार्यरत छु ।

यस अवधिमा मैले विभिन्न विद्यालयहरूमा नियमित स्वास्थ्य सेवा प्रदान गर्ने, प्राथमिक उपचार तथा आकस्मिक स्वास्थ्य व्यवस्थापन, स्वास्थ्य परीक्षण, विद्यार्थीहरूको स्वास्थ्य अभिलेख व्यवस्थापन, औषधि व्यवस्थापन, तथा विद्यालयमा देखिने सामान्य रोगहरूको निगरानी र सन्दर्भ सेवा जस्ता कार्यहरू जिम्मेवारीपूर्वक सम्पादन गर्दै आएको छु ।

विद्यालयमा कार्यरत रहँदा विद्यार्थीहरूको व्यक्तिगत स्वास्थ्य समस्या पहिचान गर्ने, मानसिक स्वास्थ्यसम्बन्धी प्रारम्भिक संकेतहरू बुझ्ने, पोषण, सरसफाइ, व्यक्तिगत स्वच्छता, किशोर-किशोरी स्वास्थ्य, महिनावारी स्वच्छता व्यवस्थापन, नशालु पदार्थ दुरुपयोग रोकथाम, तथा संक्रमणजन्य र गैर-संक्रमणजन्य रोगहरूसम्बन्धी स्वास्थ्य शिक्षा प्रदान गर्ने कार्यहरू नियमित रूपमा सञ्चालन गर्दै आएको छु ।

साथै, विद्यार्थी मात्र नभई अभिभावक र शिक्षकहरूका लागि पनि स्वास्थ्य सचेतनामूलक अभिमुखीकरण तथा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने अनुभव हासिल गरेको छु । हाल म विगत एक वर्षदेखि रोशी माध्यमिक विद्यालयमा विद्यालय स्वास्थ्य नर्सको रूपमा कार्यरत छु। यस विद्यालयमा कार्यरत रहँदा विद्यालय प्रशासन, शिक्षकहरू तथा विशेषगरी प्रधानाध्यापकज्यूबाट प्राप्त सहयोग, विश्वास र सकारात्मक वातावरणले मेरो पेशागत क्षमता अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।

यसै वर्ष सम्पन्न भएको पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको क्रममा हाम्रो विद्यालयमा कुनै पनि स्वास्थ्य चौकीका कर्मचारीको प्रत्यक्ष सहभागिता बिना, केवल विद्यालय स्वास्थ्य नर्सहरूको टिमद्वारा सम्पूर्ण स्वास्थ्य सेवा व्यवस्थापन गरिएको थियो ।



उक्त प्रतियोगितामा म विद्यालय स्वास्थ्य नर्सहरूको टिम लिडरको भूमिकामा रही स्वास्थ्य सेवा योजना निर्माण, प्राथमिक उपचार केन्द्र सञ्चालन, आकस्मिक केसहरूको तुरुन्त व्यवस्थापन, आवश्यक सन्दर्भ सेवा समन्वय, औषधि तथा सामग्री व्यवस्थापन, तथा समग्र स्वास्थ्य सेवा समन्वय कार्यलाई सफल र प्रभावकारी रूपमा सम्पन्न गर्न सक्षम भए ।

कार्यक्रमको दौरानमा देखिएको हाम्रो सक्रियता, जिम्मेवारीबोध, टिमवर्क र उत्कृष्ट व्यवस्थापन क्षमताको उच्च कदर स्वरूप विद्यालय प्रशासनद्वारा चार जना विद्यालय स्वास्थ्य नर्सहरूलाई प्रशंसा-पत्र तथा मायाको चिनो प्रदान गरिएको थियो । यस सम्मानले विद्यालय स्वास्थ्य नर्सको भूमिकाको महत्वलाई थप उजागर गर्नुका साथै सम्पूर्ण टिमलाई अझ उत्साहित र गौरवान्वित बनाएको छ ।

यस सम्पूर्ण अनुभवले मलाई नेतृत्व क्षमता, टिम व्यवस्थापन, आपतकालीन स्वास्थ्य सेवा, कार्यक्रम योजना तथा कार्यान्वयनमा अझ दक्ष बनाएको छ । आगामी दिनहरूमा पनि विद्यालय स्वास्थ्य सेवाको पहुँच, गुणस्तर र प्रभावकारिता अभिवृद्धि गर्न विद्यार्थी केन्द्रित, उत्तरदायी र पेशागत रूपमा समर्पित भई कार्य गर्ने दृढ संकल्प लिएको छु ।

स्वस्थ विद्यार्थी, सुरक्षित विद्यालय र सशक्त भविष्य निर्माणका लागि विद्यालय स्वास्थ्य नर्सको भूमिका अझ महत्वपूर्ण छ भन्ने विश्वासका साथ म निरन्तर सेवामा प्रतिवद्ध रहनेछु ।

*(बिमला हायो काभ्रेपलाञ्चोकस्थित रोशी माध्यमिक विद्यालयमा विद्यालय स्वास्थ्य नर्सको रूपमा कार्यरत छिन् ।)*

# अङ्ग्रेजी नयाँ वर्षमा होटलमा विशेष प्याकेज

नेपालगञ्ज । नेपालगञ्जमा रहेका होटलले अङ्ग्रेजी नयाँ वर्ष २०२६ मा एक साताका लागि विशेष प्याकेज घोषणा गरेका छन् ।

खासगरी यहाँ रहेका तारे होटलले 'क्रिसमस डे' बाट लागू हुनेगरी र साना होटलले खाना तथा आवासमा छुट दिनेगरी प्याकेज बनाएका हुन् ।

नेपालगञ्जको कारकाँदोमा रहेको तारे होटल सिद्धार्थ भ्यूले 'न्यू इअर इभ' मा विशेष कार्यक्रम आयोजना गर्दै आवास तथा खानमा विशेष छुटको घोषणा गरेको छ । होटलका प्रबन्धक बद्री कोइरालाले खानामा १५ प्रतिशत र आवासमा ४० प्रतिशत छुट रहेको राससलाई जानकारी दिए । उनले भने–"आगन्तुक पाहुनाले कस्तो प्याकेज मन पराउनुहुन्छ । त्यस्तै प्रकारको प्याकेज पाउन सक्नुहुन्छ ।"

सो प्याकेज यही पुस १० देखि १७ गतेसम्म एक साताका लागि रहने कोइरालाको भनाइ छ । प्रबन्धक कोइरालाले बुधबार हुने 'न्यू इअर इभ' मा चर्चित गायक प्रकाश सपुतलगायतका कलाकारको प्रस्तुति रहने जानकारी दिए । अर्को तारे होटेल स्टार लाइटले पनि 'न्यू इअर इभ' मा विशेष कार्यक्रम आयोजना गर्दै छुटको घोषणा गरेको छ । सो कार्यक्रममा प्याकेजअनुसारको छुट रहेको उल्लेख गर्दै आवासमा समेत छुट दिन सकिने जनाएको छ ।

"युवा पुस्तालाई आकर्षण गर्नेगरी प्याकेज बनाएका छौँ ।"- स्टार लाइट होटेलका अप्रेसन म्यानेजर रचित श्रेष्ठले भने । उनले २०२५ को अन्तिम दिन अर्थात् बुधबार विशेष कार्यक्रममा चर्चित कलाकारहरुको प्रस्तुति रहने बताए ।

होटेल पौवाले अङ्ग्रेजी नयाँ वर्षको पहिलो दिनमा सबैलाई निःशुल्क प्रवेशको व्यवस्था गर्दै खानामा प्याकेज अनुसार छुट दिने जनाएको छ । पौवाका प्रबन्धक गिरीराज पाण्डेले विशेष आकर्षक प्रस्तुतिसहित सुपथ मूल्यमा खानाको स्टल लगाइने र ग्राहकले आफ्नो क्षमताअनुसार खानामा खर्च गर्ने बताए ।

त्यसैगरी सुनाखरी होटलले 'न्यू इअर इभ'का लागि खानामा २० प्रतिशत छुट दिने भएको छ । सुनाखरी होटेल तथा रेष्टुरेण्ट प्रालिका प्रबन्ध निर्देशक घनश्याम शर्माले दुई दिनका लागि सुपलगायतका केही परिकार निःशुल्कसमेत हुने उल्लेख गरे । यसबाहेक यहाँ रहेका होटलहरु कलपतरु, सिटी प्यालेस, बाटिका, स्नेहालगायतले बर्सेनि विभिन्न कार्यक्रमसहित ग्राहकलाई खाना तथा अवासमा छुट दिने गरेका छन् । यहाँका तारे होटेलका ग्राहक अधिकांश भारतीय हुने गर्छन् ।

होटेल तथा रेष्टुरेण्ट व्यवसायी सङ्घ, बाँकेका उपाध्यक्ष रेशम पोखरेलले जिल्लामा दर्ता भएका होटेल ६५० र अन्यसहित एक हजार ५०० को हाराहारीमा साना तथा ठूला होटेल भएको जानकारी दिए ।


लुम्बिनी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, अर्घाखाँची

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति :- २०८२/०९/१६)

यस कार्यालयको मिति २०८२/०७/३० मा मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार प्राप्त भएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित निर्माण व्यवसायीले कबोल गरेको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भै स्विकृतिको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का न. | निर्माण स्थल / जिल्ला | निर्माण व्यवसायीको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर सहित) |
|---|---|---|---|
| WIDDARG/NCB-06/082-83 | भुमिकास्थान-१,२ र ३ अर्घाखाँची | लुम्बिनी निर्माण सेवा सन्धिखर्क-०८, अर्घाखाँची | २९७६६०४.७२ (उन्नानतीस लाख छयहत्तर हजार छ सय चार रुपैया पैसा बहत्तर मात्र) |
| WIDDARG/NCB-07/082-83 | पाणिनी ८ र छत्रदेव ३. अर्घाखाँची | फर्सुरामेश्वर विल्डर्स एण्ड सप्लायर्स इस्मा गा.पा-१, गुल्मी | १६११५९०.७१ (सोह्र लाख एघार हजार पाँच सय नब्बे रुपैया पैसा एकहत्तर मात्र) |
| WIDDARG/NCB-08/082-83 | सन्धिखर्क३, ६ र ७, अर्घाखाँची | ओम कन्सट्रक्सन सन्धिखर्क- ०३, अर्घाखाँची | २५५३२०९.६२(पच्चीस लाख त्रिपन्न हजार दुई सय नौ रुपैया पैसा बैसठ्ठी मात्र) |

नि. डिभिजन प्रमुख



लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
कपिलवस्तु अस्पताल
तौलिहवा, कपिलवस्तु

## बोलपत्र खरिद सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८२/०९/१६ (31-12-2025)

यस कपिलवस्तु अस्पताल, तौलिहवा, कपिलवस्तुमा आ.व. २०८२/८३ मा अस्पतालको लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित खरिदतथा निर्माण कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त उत्पादक कम्पनी/फर्म/आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वक विद्युतीय बोलपत्र आव्हान गरिएको छ । योग्यता पुगेका इच्छुक बोलपत्रदाताले तपशिलका खरिद कार्यका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरि तपशिलको राजश्व खातामा जम्मा गरेको भौचर तथा आवश्यक कागजातहरु Scan गरि तोकिएको मिति र समय भित्र पेश (Submit) गर्नुपर्नेछ । पेश भएका बोलपत्रहरु ठेक्का नं ८ को मिति २०८२/१०/०४ (18-01-2026)गते १४:०० बजे र ठेक्का नं ९ को २०८२/१०/१८ (01-02-2026)गते दिनको १४:०० बजे खोलिनेछ । विस्तृत सूचना तथा जानकारीको लागि PPMO को e–GP पोर्टल bolpatra.gov.np/egpमा तथा कार्यालयको वेबसाईटमा हेर्नुहुन र यस अस्पतालमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा सूचीत गरिन्छ ।

तपशिलः

| IFBNo. | Description | Priceof Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
| KAPH/W/SQ-08/082/83 | Construction Of Compound Wall & Gate at Kapilvastu Hospital. | 1000.00 | 35,000.00 | |
| KAPH/G/NCB-09/082/83 | Supply and Installation of 160 KVA Generator for Hospital . | 3000.00 | 60,000.00 | |

कार्यालय प्रमुख


## प्रहरी...

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी सुरज कार्कीले प्रारम्भिक रुपमा प्राप्त प्रमाणका आधारमा गाडीको ठक्करबाट मृत्यु भएको पाइएको, चालक सन्तोष खत्रीले बयानमा पनि स्वीकार गरेकाले चालकसहित तीनजनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको बताए । चालक सत्य वा झुठ बोलेको प्रमाणित गर्न एक दुई दिनमै पोलिग्राफी जाँच हुने क्रममा रहेको कार्कीले बताए ।

उनले राज्यका निकायले गरेको अनुसन्धान निष्पक्ष र विश्वसनीय रहेको भन्दै विश्वास गर्न पीडित पक्षलाई आग्रह गरे । ईशानका साथी कालिका मानवज्ञान माविका कानूनका विद्यार्थी निश्चल भट्टराईले प्रहरीको प्रारम्भिक प्रतिवेदनमा बस्ती नजिकै भएको दुर्घटनाबारे स्थानीय कसैले नदेखेको, शव व्यवस्थापनको पक्ष प्रहरी प्रतिवेदनमा उल्लेख नहुनु, पैदल हिंडेका इशानको मोबाइल शवभन्दा टाढा रुख मुनि भेटिनु, अस्पताल र प्रहरीबाट मृतक परिवारलाई १४ दिनसम्म आधिकारिक रिपोर्ट नदिनु, गाडीको ठक्करबाट मृत्यु भएको भए सडक र शव भएको ठाउँमा रगत बगेको हुनुपर्नेमा नभएको, पोष्टमार्टम रिपोर्टमा धारिलो हतियारले प्रहार गरेको उल्लेख नभएको जस्ता तथ्यले गाडीको ठक्करबाट मृत्यु भएको भन्ने भनाइमा सत्यता नभएको र योजनाबद्ध हत्या भएको हुनसक्ने आशंकामा बलियो आधार देखिएको बताए ।

पुस २ गतेदेखि परिवारसँग सम्पर्कविहीन भएका ईशान अर्को दिन ३ गते घर नजिकैको नालीमा टाउको पछाडि गम्भीर चोट र आँखा फोडिएको अवस्थामा मृत अवस्थामा भेटिएका थिए ।


रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घिउबेंसी, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## क्याटलग सपिङ्ग विधिबाट एम्बुलेन्स खरिदको लागि सूचिकृत हुने सम्बन्धी सूचना

(प्रथम पटक प्रकशित मितिः २०८२/०९/१६)

यस गाउँ कार्यपालिकाको कार्यालयलाई अवश्यक पर्ने एम्बुलेन्स सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा (१) खण्ड (क)८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ 'ख' बमोजिम क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक, कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले फर्म दर्ता, मुअकर दर्ता, एजेन्सी दर्ता पत्र, Letter of Authorization र आयकर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रतिलिपीहरु समावेश गरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा सूचीकृत हुनको लागि निवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दर्ता भएका सूचीकृत कम्पनी वा आधिकारिक बिक्रेताहरुबाट मात्र खरिदका लागि सिलबन्दी प्रस्ताव माग गरिने बेहोरा सम्बन्धित सबैको लागि जानकारी गराइन्छ ।

नोटः एम्बुलेन्सको Technical Specification यस कार्यालयको वेबसाइट www.rurumun.gov.np मा राखिएको छ ।

थप जानकारीको लागि ९८५७०१८५१४ मा सम्पर्क गर्न सकिनेछ ।

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत



Road Infrastructure Development Office
Gulmi

## Invitation for Bids

**IFB No.: 05-082/083**
**Date of publication: Dec 31, 2025**

Road Infrastructure Development Office, Gulmi invites electronic bids from Nepalese eligible bidders for the Construction of different Roads Works and Maintenance of Trail Bridges in Gulmi district under National Competitive Bidding (NCB) procedures. Interested Bidders may obtain further information through PPMO website **www.bolpatra.gov.np/egp** or on the notice board or the website of this office **ridogulmi.p5.gov.np.**

Office Chief



Siyari Rural Municipality
Office of The Rural Municipal Executive
Harniya , Rupandehi
Lumbini Province, Nepal

## Invitation for Online Bid

**IFBNo:-07/IFB/SRM/2082-083**

Date of Publication:December 31,2025(2082-09-16)

1. Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids Under E-Procurement system to the Eligible bidders for the Procurement of following works under 1S2E bidding procedure :

| Contract ID: | Description of Works | Similar Nature and Sizes of Work (Nrs) | Average Annual Construction Turnover (Nrs) | Bid Document Fee (Nrs) | Bid Security Amount (Nrs) |
|---|---|---|---|---|---|
| 17/NCB/WORKS/SRM/2082-083 | Amuwa Bazar Park Tatha Sundari karanYojana. | 8,890,000 | 33,335,000 | 5,000.00 | 640,000 |

2. Submission and Opening:

| Submission of Bid | | Opening of Technical Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| Friday 30 Jan,2026 | 12:00hrs | Friday 30 Jan,2026 | 14:00hrs | Bidders download the bidding document and submit their bid selectronically throughe-procurement section of PPMO's website www.bolpatra.gov.np/egp.Bidders should deposit the equivalent fee for bidding documents in the following Revenue Account with in the date and-time specified. |

3. Revenue Account Details:

| OfficeName | BankName | Bank Address | Account Number |
|---|---|---|---|
| Siyari Rural Municipality | NIC Asia Bank Ltd. | Harnaiya, Branch, Rupandehi | 0932050014941013 |

4. Bidders are Strongly Requested to submit their Qualification Information and Bidding Forms as provided in bidding documents and clearly state the Contract ID in Voucher of Bid Document Fee. Failure to submit their Qualifications information, Bidding Forms as per provided in Bid Document shall be ground for declaring the Bid NON- RESPONSIVE.
5. Bidders are requested to read the bid document carefully and submit the required documents in a clear and understandable form and as per the instructions given in the bid document. Failure in the submission of the required document demanded in the bid document may lead to disqualification.
6. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.

Chief Administrative Officer



CHHATRADEV RURAL MUNICIPALITY
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For Sealed Quotations

Date of Publication: 2082/09/16 (31th December, 2025)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under Sealed Quotation. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

**For Bid document Fee (NRs 1000)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)
**For Bid Security (As per Table)**
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive,Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))
Last Date of Bid Purchase and Submission: 14th January, 2026 (2082/09/30) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Excluding VAT (NRP) | Bid Security Amount (NPR) | Bid Validity/ Bid Security Validity (days) |
|---|---|---|---|---|
| 1 | Dhara Bareldanda Lifting Water Supply Project- Filter Tank ConstructionCRM/ARG/SQ/W/15/082/83 | 5,29,596.32 | 17,500/- | 45/75 days |
| 2 | Chhatrashwor ECD Building, Ratapokhara Pratikshyala & Old Ward Office (3 Different Works) Construction and Maintenance Works, Chhatradev-05 CRM/ARG/SQ/W/16/082/83 | 7,33,561.90 | 24,500/- | 45/75 days |



ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी

# लुम्बिनीबाट सुरु भयो पुनर्जागरण अभियान



बुटवल । देशलाई राजनीतिक अस्थिरता तथा हिंसाको चपेटाबाट मुक्त पार्न भन्दै निगम हुमागाईंको नेतृत्वमा युवाहरुले लुम्बिनी प्रदेशको रूपन्देहीबाट पुनर्जागरण अभियान सुरु गरेका छन् । सातै प्रदेशका दुर्गम स्थानसम्म पुगेर अन्तरक्रिया तथा आमसभा गरी युवाहरुलाई परिवर्तनको शान्तिपूर्ण अभियानमा जोड्ने भन्दै त्यसको सुरुवात मंगलबार बुद्ध जन्मस्थल लुम्बिनीबाट सुरु भएको हो ।

जेजनी आन्दोलनपछि नवपुस्तालाई शान्तिपूर्ण राजनीतिमा अग्रसर बनाउन युवाहरुले गठन गरेको द फ्युचर्स लिडरसिप नेटवर्क नेपालले हिंसा उन्मुख नकारात्मक राजनीतिक संस्कृतिलाई बदल्न पुनर्जागरण अभियानको थालनी गरेको अभियन्ता निगम हुमगाईंले बताए ।

हुमागाईंको नेतृत्वमा लेखक तथा पत्रकार घनश्याम खड्का, युवा नेत्रीहरु प्रकृति ढकाल, मीनकुमारी ठाकुर, जेनजी आन्दोलनमा दाहिने हात गुमाएका सञ्जीव सापकोटा, अभियन्ता इद्रजित साफी, जलस्रोत विज्ञ देवेश बेलबासे, अधिवक्ता आयुसा कंडेल, स्थानीय युवा रतन आचार्य र जेनजी तथा जेन वाइ पुस्ताका युवाहरुको एक समूह मंगलबार बिहान बुद्ध जन्मस्थल लुम्बिनी पुगी बुद्धको दर्शन गरी पजनर्जागरण अभियान सुरु गरेका थिए ।

त्यसलगत्तै उनीहरुले तिलोत्तमाको मणिग्राममा सभा तथा अन्तक्रिया गरेका थिए । देश गम्भीर राजनीतिक संकटमा फसेको र युवाहरुको आक्रोस तथा निरासालाई प्रयोग गरेर फेरि पनि कसैले आफ्नो स्वार्थका लागि देशमा निजी र सार्वजनिक सम्पत्तिमाथि आक्रमण गर्नसक्ने खतरा बढेर गएको हुनाले देशव्यापीरुपमा नागरिकहरुलाई जागृत गराउन पुनर्जागरणको लहर लिएर आफूहरु गाउँ बस्तीमा पुग्ने अभियानमा जुटेको फ्युचर्स लिडर नेटवर्कका अध्यक्ष निगम हुमागाईंले जनाए ।

'हामी देशको हरेक बस्तीमा पुग्छौं र युवाहरुलाई निरासाबाट आसाको संसारतिर र आक्रोशबाट सुझबुझको बाटोतिर डोऱ्याउँछौं ।'-उनले भने । राज्यले युवालाई गरिखाने वातावरण दिन उद्यमशीलता र रोजगारी दिलाउनु पर्नेमा हुमागाईंले जोड दिए ।

भदौ २४ को घटनामा दाहिने हात गुमाएका जेनजी अभियन्ता सञ्जीव सापकोटाले देशको मुहार फेर्न आफू राष्ट्रिय पुनर्जागरण अभियानमा जुटेको बताए ।

त्यस्तै, जेनजी नेतृ प्रकृति ढकालले सिंगो देश संकटबाट उम्कनका लागि हिंसाबाट मुक्त भई विवेकपूर्ण सहकार्यमा जुट्नु पर्ने बताइन् ।

जलस्रोतविद इञ्जिनियर देवेश बेलबासेले युवाहरुलाई देश विकासको मामिलामा उद्यमशील भई अघि बढ्न राष्ट्रिय पुनर्जागरणको आवश्यकता रहेको बताए ।

आफूहरु आशा र शान्तिको सन्देश बोकेर टोल टोल पुगी देश विकासमा हजारौं युवाहरुलाई हातमालो गर्न अघि सार्ने यात्रामा निक्लिएको भन्दै अर्का अभियन्ता इन्द्रजित साफीले हिमाल पहाड तराई सबै भूगोलका बासिन्दालाई भावना र विचारको एउटै मालामा गाँसिन आग्रह गरे ।

त्यस्तै, जेनजी नेतृ मीनाकुमारी ठाकुरले पनि युवाहरुलाई देश विकासका लागि अघि बढ्न आह्वान गर्दै गर्दा महिला शसक्तीकरण र लैंगिक समानतालाई बिर्सन नहुने कुरामा जोड दिइन् । अभियान सुरुमा तराई र त्यसपछि पहाड तथा हिमालका जिल्लाहरुमा पुग्ने अभियान्ता हुमागाईंले बताए ।

# एपोलो पेन्टस्‌द्वारा पेन्टर भेटघाट तथा पुरस्कार वितरण

बुटवल । एपोलो पेन्टस्‌ले पेन्टर भेटघाट तथा 'लक्ष्य-६' योजनाअन्तर्गत पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ । पेन्टर्स, डिलर तथा व्यवसायीहरूको उल्लेखनीय सहभागितामा सम्पन्न कार्यक्रममा उत्कृष्ट बिक्री र योगदान पुऱ्याउने व्यवसायी तथा पेन्टस्‌लाई विभिन्न पुरस्कार प्रदान गरिएको हो ।

कार्यक्रममा स्कुटर पुरस्कार न्यू लक्ष्मी शुभ ट्रेडर्सका पेन्टर शिवशंकर चौधरी र साझा कलर भलवारीका पेन्टर शिवनाथ चौधरीले प्राप्त गरेका छन् । त्यसैगरी सहभागी उत्कृष्ट डिलर तथा बिक्रेतालाई रेफ्रिजेरेटर, एलइडी टिभी, स्मार्ट मोवाइललगायतका पुरस्कार प्रदान गरिएको थियो ।

कार्यक्रममा शुभलक्ष्मी ट्रेडर्स चन्द्रौटा, सिद्धार्थ हार्डवेयर चार नम्बर जितपुर, शुभ न्यौपाने ट्रेडर्स रानिवगिया, किवि रेसुङ्गा इन्टरप्राइजेज भलवारी, साझा कलर हाउस भलवारी, न्यू भट्टराई हार्डवेयर बुटवल, कञ्चन हार्डवेयर बुटवल, जयश्री कालिका ट्रेडिङ, थ्रीस्टार सप्लायर्स, न्यू हार्दिक इन्टरप्राइजेजलगायत विभिन्न डिलर तथा व्यवसायीहरु सहभागी थिए ।

कार्यक्रमलाई सम्बोधन गर्दै एपोलो पेन्टस्‌का कन्ट्री म्यानेजर रोशन पन्तले कम्पनीको सफलतामा पेन्टर्स र डिलरहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताए ।

उनले गुणस्तरीय उत्पादन, विश्वासिलो सेवा र सहकार्यका कारण एपोलो पेन्ट्स नेपाली बजारमा स्थापित हुँदै गएको उल्लेख गरे । "हामी पेन्टर्स र व्यवसायीहरूसँग दीर्घकालीन सम्बन्ध निर्माणमा विश्वास गर्छौं । यस्ता कार्यक्रमले उत्साह र प्रतिबद्धता अझ बलियो बनाउँछ ।"-उनले भने ।

कम्पनी हेड राजकुमार केसीले एपोलो पेन्टस्‌ले सधैं गुणस्तर र नवप्रवर्तनलाई प्राथमिकतामा राख्दै आएको बताए । उनले लक्ष्य-६ जस्ता योजनाले बजार विस्तारसँगै व्यवसायीहरूको मनोबल बढाउन सहयोग पुऱ्याएको उल्लेख गर्दै आगामी दिनमा अझ आकर्षक योजना ल्याइने जानकारी दिए ।

कार्यक्रममा काठमाडौं शाखाका लेखापाल विशाल उपाध्याय, बुटवल डिपो हेड कृष्ण आचार्य तथा न्यू लक्ष्मी शुभ ट्रेडर्स बुटवलका सञ्चालक सन्तोष थापाले पनि मन्तव्य राख्दै एपोलो पेन्टस्‌सँगको सहकार्य सशक्त बन्दै गएको बताए । कार्यक्रमले पेन्टर्स, डिलर र कम्पनीबिचको सम्बन्ध अझ मजबुत बनाएको सहभागीहरूको भनाइ थियो ।


## सरावल गाउँपालिकाको अनुरोध

आगो,हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
-कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
-बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
-घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।
-आगो, हिटर र बिजुलीको काम सकिनासाथ बन्द गरौं ।

अनुरोधक :

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल

## सुस्ता गाउँपालिकाको अनुरोध

आगो,हिटर र गिजरको प्रयोग गर्दा सावधानी अपनाऔं ।

- आगो तथा हीटर नजिकबाट नतापौं ।
- कागज, कपडा जस्ता छिटो जल्ने सामग्री आगो वा हिटरको नजिक नराखौं ।
-कोठामा आगो, हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- आगो तथा हिटर बन्द गरेर मात्र सुतौं ।
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं ।
-बालबालिका, बृद्ध वा बिरामीलाई आगो वा हिटर नजिक एक्लै नछोडौं ।
-घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं ।

अनुरोधक :

सुस्ता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.प), लुम्बिनी प्रदेश, नेपाल


## Rohini Rural Municipality
**Office of the Rural Municipal Executive**
**Dhakdhai, Rupandehi**
**Lumbini Province, Nepal**

## Invitation for Electronic Bids

Date of First Publication: Dec 31st, 2025 (Poush 16th, 2082)

The Rohini Rural Municipality , Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality or may visit the Rural Municipal Office at Dhakdhai, Rupandehi within Office hours.

| S. N. | Contract ID | Name Of Project | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Account No. for Bid Security | Fee for Bid Document (NRs.) | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 05/NCB/ Works/ RRM /2082-83 | Bhatpurwa-Lakhnautiya-Sailihawa Jane Sadak Nirman | 1,46,13,591.27 | 3,70,000 | NIC ASIA Bank Ltd.,Dhakdhai Branch , Dharauti Khata No. 9441498734524002 | 3,000.00 | NIC ASIA Bank Ltd.,Dhakdhai Branch , Antarik Rajsaw Khata No. 0942050029211003 | February 1st ,2026 (Magh 18th,2082) At 12:00 pm | February 1st ,2026 (Magh 18th,2082) At 15:00 pm | 120 Days |
| 2 | 06/NCB/ Works/ RRM/ 2082-83 | Adhuro Pokharbhindi Swasthaya Chowki Bhawan Nirman | 26,32,810.23 | 70,000 | | 3,000.00 | | | | |

• Bidders are instructed to read the corresponding Bid Document carefully before the submission of bid.

**Chief Administrative Officer**


## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदुर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com








सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com